नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०८२/८३

चलानी नं : १३२८

मिति: २०८३/०३/१७

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु (सबै),

श्री स्थानीय तहहरु (सबै) ।

श्री राष्ट्रिय कितावखाना (निजामती), पुल्चोक, ललितपुर।

श्री राष्ट्रिय कितावखाना (प्रहरी), लैनचौर, काठमाडौं।

श्री राष्ट्रिय कितावखाना (शिक्षक), ताहाचल, काठमाडौं।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ६ को प.सं. ६/२०८२-८३ (सम्पत्ति विवरण), च.नं. ६२०३६, मिति २०८३/०३/१२ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रको छाया प्रति यसै साथ संलग्न छ । संलग्न पत्रबाट बेहोरा अवगत गरी सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नु गराउनु हुन यस मन्त्रालयको निर्णयानुसार अनुरोध छ ।

(भविन्द्र कार्की)
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. ६,
टंगाल, काठमाडौं।

कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल
दर्ता नं.: ९४९१
मिति: २०८३/०३/१८

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

(महाशाखा नं. ६)

मिति: २०८३/०३/१२

पत्र सङ्ख्या: ६/२०८२-८३(सम्पत्ति विवरण)

ने.सं.: ११४६, तछलाथ्व द्वादशी

चलानी नं: ६२०३६

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८१/८२ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०८१/८२)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय अनुसार नीतिगत व्यवस्था गर्नका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने भनी आयोगबाट मिति २०८३/०३/०८ मा निर्णय भएकाले सोही ब्यहोरा निर्णयानुसार अनुरोध छ।

देहाय

क. चालू आर्थिक बर्षमा अनिवार्य अवकाश हुने वा राजिनामा दिई सेवाबाट अवकाश भएका कर्मचारीहरुले चालू आर्थिक वर्षको सम्पत्ति विवरण निवृत्तिभरण अधिकारपत्र बनाउँदाका बखत राष्ट्रिय किताबखाना (निजामती, शिक्षक, प्रहरी) वा सम्बन्धित निकायहरुमा बुझाउने।

ख. विगत बर्षहरु देखी नै जरिवाना नबुझाउने प्रवृत्ति बढ्दै गएकोले जरिवाना रकम दाखिला नगर्ने राष्ट्रसेवक सेवा निवृत्त भई निवृत्तिभरण अधिकारपत्र बनाउँदाका वखत सरकारी बाँकी सरह असूल उपर गर्ने ।

ग. संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्त्वका सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको उचित व्यवस्थापन र संरक्षण गर्ने ।

ङ. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मार्फत् प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने ।

च. अस्थायी, करार, ज्यालादारी र राजनीतिक नियुक्तिका राष्ट्रसेवकहरुको सम्पत्ति विवरण सम्वन्धी तथ्याङ्क अनलाईन सफ्टवेयरमा प्रविष्टि गर्ने कार्यलाई संघ, प्रदेश र स्थानीय तहहरुले प्राथमिकता दिने ।

२०८३/०३/१२

(विष्णुराज बेल्बासे)
उपसचिव